# स्थानीय राजपत्र


गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड ४ | संख्या ३ | मितिः २०७७/०६/०१ |
|---|---|---|


## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७७ सालको कार्यविधि संख्या ३**

# गोलन्जोर गाउँपालिकाको व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि– २०७७

**प्रस्तावनाः** गोलन्जोर क्षेत्र भित्र सञ्चालित एवं सञ्चालन हुने विभिन्न व्यवसायिक गतिविधिहरुलाई कानूनी दायरामा ल्याउन, व्यवसाय सञ्चालन मार्फत गाउँपालिकाको आन्तरिक आम्दानीलाई समेत टेवा पुऱ्याउन, स्वच्छ, मर्यादित र प्रतिस्पर्धात्मक बजारको प्रवर्द्धनमार्फत उपभोक्ताको हित संरक्षण गर्न अनि स्थानीय सरकार र आम व्यवसायीहरुबीच सुमधुर सम्बन्ध स्थापित

गर्दै साझेदारीमा आधारित विकासलाई अगाडि बढाउन बाञ्छनिय भएकोले गोलन्जोर गाउँपालिकाद्धारा यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "गोलन्जोर गाउँपालिका व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि -२०७७" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिती देखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले यस गोलन्जोर गाउँपालिकाको कार्यालय सम्झनुपर्नेछ।

(ख) "शाखा" भन्नाले यस गोलन्जोर गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखा सम्झनुपर्नेछ।

(ग) "वडा कार्यालय" भन्नाले यस गोलन्जोर गाउँपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयहरु सम्झनुपर्नेछ।

(घ) "अध्यक्ष" भन्नाले यस गोलन्जोर गाउँपालिकाको अध्यक्ष सम्झनुपर्नेछ।

(ङ) "उपाध्यक्ष" भन्नाले यस गोलन्जोर गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्नेछ।

(च) "कार्यपालिका सदस्य" भन्नाले यस गाउँपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस गोलन्जोर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ।

(ज) "वडा समिति" भन्नाले यस गोलन्जोर गाउँपालिकाको ९ वटै वडाका समितिहरु सम्झनु पर्नेछ।

(झ) "व्यवसायी" भन्नाले यस गोलन्जोर गाउँपालिका भित्रका सम्बन्धित व्यवसायी, व्यक्ति वा संस्था सम्झनु पर्नेछ।

(ञ) "कार्यविधि" भन्नाले "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि-२०७७ सम्झनुपर्नेछ।

३. **क्षेत्रः** यस गोलन्जोर गाउँपालिका क्षेत्र भित्रका सबै व्यवसायीहरुलाई यस कार्यविधिले समेट्नेछ।

४. **विषयगत क्षेत्रः** विषयगत क्षेत्र अन्तर्गत करका दायरा भित्र देहायका क्षेत्रहरु पर्नेछन्।

(क) दैनिक उपभोग्य सामाग्रिहरु खाद्यन्न, थोक तथा खुद्रा पसल

(ख) होटल व्यवसाय

(ग) पशुपालन फर्म

(घ) नर्सरी

(ङ) उद्योग तथा कल कारखाना

(च) कृषि फर्म

(छ) औषधि पसल आदि

## परिच्छेद–२

५. **व्यवसाय दर्ता प्रकृयाः**

(१) व्यवसाय दर्ता गर्नुपर्नेः प्रत्येक व्यवसायीले गाउँ कार्यपालिकाको कार्यालयमा आ-आफ्नो व्यवसाय अनिवार्य दर्ता गर्नुपर्नेछ।

(२) सूचना प्रकाशन गरिने : व्यवसाय दर्ताको लागि सूचना स्थानिय संचार माध्यमबाट प्रकाशन गरिनेछ ।

(३) तोकिएको समयभित्र व्यवसाय दर्ता गर्नुपर्ने : हाल सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीले सुरु आ.व. को असोज मसान्त सम्ममा अनिवार्य दर्ता गरिसक्नुपर्नेछ । साथै नयाँ व्यवसाय सञ्चालन गर्ने व्यवसायीले व्यवसाय सञ्चालन गरेको मितिले १ महिना भित्र अनिवार्य आफ्नो व्यवसाय दर्ता गरिसक्नु पर्नेछ ।

६. **दर्ताका लागि आवश्यक कागजातहरु :**

(१) व्यवसाय दर्ताका लागि व्यवसायिले देहायका कागजातहरु सहित अनुसूची ४ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ ।

(१) हालसालै खिचेको २ प्रति फोटो

(२) नागरिकता प्रमाण-पत्रको प्रतिलिपि

(३) वडा कार्यालयको सिफारिस

(४) व्यवसाय सञ्चालन हुने जग्गाको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

(५) अर्काको नाममा जग्गा भए व्यवसाय सञ्चालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा

(६) उद्योगको हकमा संधियारको मञ्जुरीनामा ।

(७) उद्योग वाणिज्य संघको सिफारिस पत्र ।

७. **प्रमाणपत्र सम्बन्धी व्यवस्था :**

(१) माथि ६.१ मा उल्लेखित कागजातहरु प्राप्त भई सकेपश्चात् तोर्किको दस्तुर लिई कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाणपत्र दिनेछ ।

८.१ **व्यवसाय नवीकरण र सूचीकृत सम्बन्धी व्यवस्था** : प्रत्येक व्यवसायीले आर्थिक वर्षको श्रावण मसान्तसम्म आफ्नो व्यवसाय अनिवार्य रुपमा गाउँ कार्यपालिकाबाट नविकरण गरिसक्नु पर्नेछ। व्यवसाय नवीकरण को प्रमाणपत्र कार्यालयले व्यवस्था गरे बमोजिम हुनेछ।

८.२ **व्यवसाय सूचीकृत सम्बन्धी व्यवस्थाः** सूचीकृतको हकमा यस गाउँपालिकामा दर्ता भएका र अन्य सरकारी निकायमा दर्ता भई गोलन्जोर गाउँपालिकालाई कार्य क्षेत्र बनाई काम गर्न चाहने व्यवसायिक संघ संस्थाले श्रावण मसान्तसम्म अनिवार्य सूचीकृत हुनुपर्नेछ। सूचीकृत हुनको लागि तपशिल अनुसारको कागजात सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ।

(१) सूचीकृतको लागि निवेदन

(२) व्यवसाय दर्ताको प्रमाणपत्र

(३) स्थायी लेखा नम्बर प्रमाणपत्र

(४) करचुक्ता प्रमाणपत्र

(५) लेखा परिक्षण प्रतिवेदन वा अघिल्लो बर्षको प्रगती प्रतिवेदन

९. **व्यवसाय दर्ता तथा नवीकरण शुल्क र पुनरावलोकन सम्बन्धी व्यवस्था** :

(१) व्यवसाय दर्ता/नविकरण सम्बन्धी शुल्क/दस्तुर राजश्व परामर्श समितिको सिफारिसमा गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(२) प्रत्येक आ.व. मा व्यवसाय दर्ता/नविकरण शुल्कमा गाउँ कार्यपालिकाले पुनरावलोकन गर्न सक्नेछ।

(३) उपदफा (३) बमोजिम पुनरावलोकन गरिएको व्यवसाय दर्ता/ नविकरण शुल्क सम्बन्धी जानकारी स्थानीय संचार माध्यम वा अन्य कुनै माध्यमबाट सार्वजनिक गरिनेछ।

१०. **प्रतिलिपि सम्वन्धी व्यवस्थाः** व्यवसायीले सक्कल व्यवसाय प्रमाण पत्र हराएमा/नष्ट भएमा/च्यातिएमा वा प्रयोग हुने नदेखिएमा गाउँपालिका कार्यालयको सामाजिक विकास शाखाको अभिलेखमा रहेको सक्कल प्रमाण पत्र  प्राप्त भई सकेपश्चात् तोर्किको दस्तुर लिई कार्यालयले अनुसूची-३  बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रतिलिपि प्रमाणपत्र दिनेछ।

११. **चालु र स्थीर पुँजि सम्वन्धी व्यवस्थाः** प्रत्येक व्यवसायीको हकमा पुँजि सम्वन्धमा व्यवसायको अवस्था हेरेर  कम्तिमा रु.४९९९९ देखि वढीमा रु. १९९९९९ सम्म राख्न पाईने छ।

## परिच्छेद–३

## अनुगमन तथा कारवाही

१२. **मूल्य सूची सम्बन्धी व्यवस्था** : सम्पुर्ण व्यवसायीहरुले अनिवार्य रुपमा उपभोक्ताहरुले प्रष्टसँग देख्ने गरी मूल्य सूची राख्नुपर्नेछ।

१३. **बजार अनुगमन सम्बन्धी व्यवस्था** :

(१) यस गाउँपालिका भित्र सञ्चालन भएका व्यापार व्यवसायलाई स्वस्थ, व्यवस्थित बनाउन नियमित अनुगमन गरिनेछ । बजार अनुगमन सम्बन्धी अन्य व्यवस्था गाउँपालिकाले जारी गर्ने बजार अनुगमन निर्देशिका बमोजिम हुनेछ।

१४. **दर्ता खारेजी र व्यवसाय बन्द सम्बन्धी व्यवस्था** : कार्यविधि विपरितको देहायका कार्य गरेमा व्यवसायको दर्ता खारेजी वा व्यवसाय बन्द गरिनेछ।

(क) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा

(ख) निषेध गरिएका सामाग्रिहरु बेचविखन गरेमा

(ग) कालो बजारी गरेमा

(घ) गुणस्तरहीन सामाग्रिहरु बेचविखन गरेमा

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा

(च) चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा ।

**१५. कारवाही र जरिवाना सम्बन्धी व्यवस्था** :

(१) बजार अनुगमनको क्रममा देहायको अवस्था भेटिन गएमा देहाय बमोजिमको तुरुन्त जरिवाना गरिनेछ :-

जरिवाना :

(क) मूल्यसूची नराखेमा रु.१०००।-

(ख) प्रमाणपत्र नराखेमा रु.२०००।-

(ग) तोकिएको समय भित्र व्यवसाय दर्ता तथा नविकरण नगरेमा रु.५०००।-

(घ) गुणस्तरहीन सामाग्रीहरु बेचविखन गरेमा रु.१०,०००।-

(ङ) म्याद नाघेका सामाग्रीहरु बेचविखन गरेमा रु.१०,०००।-

(च) बजार मूल्य भन्दा चर्को मूल्यमा सामाग्रीहरु बेचविखन गरेमा रु.१०,०००।-

(छ) प्रदुषित, फोहोर सामाग्रीहरु बेचविखन गरेमा रु.५,०००।-

(२) उपदफा (१) बमोजिम जरिवाना गरिसके पश्चात् पनि कुनै व्यवसायीले आफ्नो कमजोरी सुधार नगरेका पाईएको त्यस्ता व्यवसायीलाई सोही कसुरमा दोब्बर जरिवाना गरिनेछ ।

## परिच्छेद–४

## विविध

१६. **बाधा अड्काउ सम्बन्धी व्यवस्था :**

(१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अवरोध हटाउन गाउँकार्यपालिकाले आवश्यकता अनुसार व्यवस्था गर्न सक्नेछ।

१७. **विशेष व्यवस्था**ः माथि अन्यत्र जुनसुकै व्यवस्था उल्लेख गरिएको भएता पनि प्रदेश कानून नबनुन्जेल सम्म वा गाउँपालिकाले बनाएको अर्को ऐन, कानूनले खारेज नगरेसम्म यो कार्यविधिमा भएका व्यवस्था पूर्ण रुपमा सक्रिय रहनेछन् ।

१८. **वचाउ र खारेजी**ः यस कार्यविधि लागु हुन पूर्व गोलन्जोर गा.पामा दर्ता भएका व्यवसायीहरु यसै कार्यविधि वमोजिम भएको मानिने छ।

अनुसूची १

दफा (७) सँग सम्वन्धित

“शिक्षा, सडक, सिंचाइ र कृषि गोलन्जोरको पूर्वाधार, तरकारी खेती, पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार”

# गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

ग्वालटार,सिन्धुली

बागमती प्रदेश, नेपाल

## व्यवसाय दर्ता प्रमाण–पत्र

दर्ता नः ........... दर्ता मितिः ................

तपाईले यस गाउँपालिका क्षेत्र भित्र देहाय बमोजिम व्यवसाय संचालन गर्नको लागि दर्ता गरिपाउँ भनि यस कार्यालयमा दिनुभएको निवेदनानुसार यस गाउँपालिकाको “व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७७” को परिच्छेद (२) को दफा ५ मा व्यबस्था भए बमोजिम तपाईँको व्यवसाय यस गाउँपालिकामा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

- व्यवसाय/फर्मको नामः ..................................
- व्यवसायीको नामः ..................................
- व्यवसायको उद्देश्यः ..................................
- घरधनीको नामः ..................................
- व्यवसाय रहेको स्थानः ..................................
- व्यवसाय रहेको बाटोको नामः ..................................
- व्यवसायमा जम्मा लगानी रुः ..............

  चालुः .....................

- स्थिरः ....................................
- सम्पर्क नः ....................................
- प्यान नः ....................................

हस्ताक्षरः

प्रमाण पत्र जारी गर्ने अधिकारीको

नामः .............................. पदः

पदः ................................ हस्ताक्षरः

मितिः.................... कार्यालयको छाँपः

**नविकरण विवरण**

| नविकरण मिति | मिति देखि | मिति सम्म | नविकरण दस्तुर | नविकरण गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- यो प्रमाण पत्र प्रत्येक आर्थिक वर्षको अन्त सम्ममा यस कार्यालयमा आइ नविकरण गर्नु पर्ने छ। अन्यथा प्रत्येक वर्षमा लागने नविकरणको २०% जरिवाना लाग्ने छ।

  प्रत्येक आ.व. को लेखा परीक्षण गराउदा यस गाउँपालिकामा नियमानुसार सूचीकृत भएको रजिष्टर्ड अडिटरबाट गराउनको लागि पूर्व अनुमति विना लेखापरीक्षण गराउन पाईने छैन यदि गरे गरायमा सो लेखापरीक्षण अवैधानिक हुनेछ।

  प्रत्येक आ.व. को लेखा परीक्षण प्रतिवेदन गाउँपालिकाको सामाजिक शाखामा पेश गर्नु पर्ने छ।
- यो प्रमाण पत्र हराएमा रु २००।- तिरी प्रतिलिपि जारी पुनःगरिने छ।

  यस गाउँपालिकालाई कार्य क्षेत्र बनाई स्थायी ठेगाना गोलन्जोर गाउँपालिका भई संचालनमा रहेका वा संचालन भएका बैंक वित्तिय संस्था लघु वित्त गैर- सरकारी संस्था वा यस गाउँपालिकामा दर्ता भई संचालनमा रहेका समूह समितिको हकमा यो नियम लागु हुने छ।
- प्रत्येक वर्ष कर चुक्ता र नविकरण भएको हुनु पर्ने छ।

अनुसूची १

दफा (७) सँग सम्वन्धित

"शिक्षा, सडक, सिंचाइ र कृषि गोलन्जोरको पूर्वाधार, तरकारी खेती, पशुपालन र पर्यटन विकास समृद्धिको मूल आधार"

# गोलन्जोर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,

ग्वालटार,सिन्धुली

बागमती प्रदेश, नेपाल

प्रतिलिपि

## व्यवसाय दर्ता प्रमाण-पत्र

दर्ता नः ........... दर्ता मितिः ................

तपाईले यस गाउँपालिका क्षेत्र भित्र देहाय बमोजिम व्यवसाय संचालन गर्नको लागि दर्ता गरिपाउँ भनि यस कार्यालयमा दिनुभएको निवेदनानुसार यस गाउँपालिकाको "व्यवसाय दर्ता तथा नविकरण कार्यविधि २०७७" को परिच्छेद (२) को दफा ५ मा व्यबस्था भए बमोजिम तपाईंको व्यवसाय यस गाउँपालिकामा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

- व्यवसाय/फर्मको नामः ..................................
- व्यवसायीको नामः ..................................
- व्यवसायको उद्देश्यः ..................................
- घरधनीको नामः ..................................
- व्यवसाय रहेको स्थानः ..................................
- व्यवसाय रहेको बाटोको नामः ..................................
- व्यवसायमा जम्मा लगानी रुः ............चालुः ..................
- स्थिरः ..................................

- सम्पर्क नः ..................................
- प्यान नः ..................................

प्रमाण -पत्र जारी गर्ने अधिकारीको प्रथम प्रतिलिपि

नामः ............................ पदः

पदः .............................. हस्ताक्षरः

मितिः................... कार्यालयको छाँपः

हस्ताक्षरः

**नविकरण विवरण**

| नविकरण मिति | मिति देखि | मिति सम्म | नविकरण दस्तुर | नविकरण गर्नेको सही | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

- यो प्रमाण पत्र प्रत्येक आर्थिक वर्षको अन्त सम्ममा यस कार्यालयमा आइ नविकरण गर्नु पर्ने छ। अन्यथा प्रत्येक वर्षमा लागने नविकरणको २०% जरिवाना लाग्ने छ।

  प्रत्येक आ.व. को लेखा परीक्षण गराउदा यस गाउँपालिकामा नियमानुसार सूचीकृत भएको रजिष्टर्ड अडिटरबाट गराउनको लागि पूर्व अनुमति विना लेखापरीक्षण गराउन पाईने छैन यदि गरे गरायमा सो लेखापरीक्षण अवैधानिक हुनेछ।

  प्रत्येक आ.व. को लेखा परीक्षण प्रतिवेदन गाउँपालिकाको सामाजिक शाखामा पेश गर्नु पर्ने छ।
- यो प्रमाण पत्र हराएमा रु २००।- तिरी प्रतिलिपि जारी पुनःगरिने छ।

  यस गाउँपालिकालाई कार्य क्षेत्र बनाई स्थायी ठेगाना गोलन्जोर गाउँपालिका भई संचालनमा रहेका वा संचालन भएका बैंक वित्तिय संस्था लघु वित्त गैर- सरकारी संस्था वा यस गाउ( ँपालिकामा दर्ता भई संचालनमा रहेका समूह समितिको हकमा यो नियम लागु हुने छ।
- प्रत्येक वर्ष कर चुक्ता र नविकरण भएको हुनु पर्ने छ।

अनुसुचि ३

दफा ५ सँग सम्बन्धित

**व्यावसाय कर**

| सि. नं. | विवरण | दररेट | आ.व.२०७७/७८ को लागि प्रक्षेपण |
|---|---|---|---|
| १ | होटल लज, गेष्टहाउस तथा रेष्टुरा दर्ता | | १०००००० |
| | वर्ग( लज) | ५००० | |
| | वर्ग (फास्टफुड ) | ३००० | |
| | वर्ग (बेकरी क्याफे) | २००० | |
| | वर्ग ( रिसोर्ट) | १०००० | |
| | वर्ग (समान्य) | १००० | |
| २ | होटल लज, गेष्टहाउस तथा रेष्टुरा नविकरण शुल्क | | ५००००० |
| | वर्ग( लज) | १००० | |
| | वर्ग (फास्टफुड ) | ५०० | |
| | वर्ग (बेकरी क्याफे) | ३०० | |
| | वर्ग (रिसोर्ट) | १५०० | |
| | वर्ग (समान्य) | २०० | |
| ३ | ग्रिल उद्योग मासिक शुल्क | १००० | २०००० |
| ४ | हार्डवेयर पसल साना र ठुला माशिक | ५००।१००० | ४०००० |
| ५ | उद्योग ठुलो दर्ता | ७००० | २५००० |
| ६ | उद्योग मझौला दर्ता | ५००० | १५००० |
| ७ | उद्योग साना दर्ता | ३००० | १०००० |

| सि. नं. | विवरण | दररेट | आ.व.२०७७/७८ को लागि प्रक्षेपण |
|---|---|---|---|
| ८ | कुटान पिसान मिल | १०० | ४०००० |
| ९ | उद्योग ठुलो नविकरण | ५०० | २००० |
| १० | उद्योग मझौला नविकरण | ३०० | १००० |
| ११ | उद्योग साना नविकरण | २०० | १००० |
| १२ | कुटान पिसान मिल होल्डर सेलर नविकरण | १०० | ४०००० |
| १३ | मोटर साईकल वर्क सप ठुलो माशिक | १००० | ३६००० |
| १४ | पसल होटल, लघु उद्योग प्रतिलिपि | ३०० | ३०००० |
| १५ | लेखा परिक्षण नाम दर्ता | १००० | ५०००० |
| १६ | समिति दर्ता | १२०० | ५०००० |
| १७ | जग्गा सर्भे प्रति कित्ता | ४००० | ५००००० |
| १८ | सहकारी वचत प्रतिलिपि | १००० | १००००० |
| १९ | अन्य प्रतिलिपि | ५०० | ५०००० |
| २० | मोटर साईकल वर्क सप सानो मासिक | ३०० | १२००० |
| २१ | क्रसर उद्योग दर्ता शुल्क प्रथम पटक | १५००० | ३०००० |
| २२ | क्रसर उद्योग संचालन माशिक | ५००० | ८०००० |
| २३ | पेट्रोल पम्म माशिक | १००० | १२००० |
| २४ | मदिरा उद्योग दर्ता | ३००० | १५००० |
| २५ | मदिरा विक्रि ठुलो पसल माशिक | १००० | ३६००० |
| २६ | मदिरा विक्रि सानो पसल माशिक | ३०० | १८००० |
| २७ | सहकारि दर्ता बहुउद्धेशीय प्रथम पटक | ७००० | ३५००० |

| सि. नं. | विवरण | दररेट | आ.व.२०७७/७८ को लागि प्रक्षेपण |
|---|---|---|---|
| २८ | सहकारी नविकरण | ५०० | ५००० |
| २९ | व्यवसाय दर्ता एकल/समूह | १००० | १०००००० |
| ३० | व्यवसाय नविकरण एकल/समूह | २०० | २००००० |
| ३१ | सहकारी / सिमित पुँजी भएका कृषि तथा पशु व्यवसाय दर्ता | २००० | १००००० |
| ३२ | मासु विक्रेता पसल दर्ता | १००० | १००००० |
| ३३ | मासु विक्रेता व्यवसाय मसिक शुल्क | २०० | १००००० |
| ३४ | स्वास्थ्य नर्सिङ्ग होम दर्ता | ५००० | १००००० |
| ३५ | स्वास्थ्य नर्सिङ्ग होम मासिक शुल्क | २००० | १००००० |
| ३६ | मेडिकल फर्मा दर्ता | ३००० | २००००० |
| ३७ | मेडिकल फर्मा मासिक शुल्क | ५०० | १००००० |
| ३८ | टाईपिङ्ग तथा कम्प्युटर ईन्सिच्युट दर्ता | १००० | १००००० |
| ३९ | टाईपिङ्ग तथा कम्प्युटर ईन्सिच्युट मासिक शुल्क | ३०० | १००००० |
| ४० | “घ” वर्ग व्यवसाय प्रमाण पत्र | १०००० | २००००० |
| ४१ | “घ” वर्ग व्यवसाय प्रमाण पत्र नविकरण | २००० | १००००० |
| ४२ | “घ” वर्ग व्यवसाय प्रमाण पत्र नविकरण थप दस्तुर | २००० | ५०००० |
| ४३ | “घ” वर्ग व्यवसाय प्रमाण पत्र प्रतिलिपी | ५०० | १०००० |
| ४४ | “घ“ वर्ग व्यवसाय प्रमाण पत्र नामसारी | २००० | १०००० |
| ४५ | आई.एम.ई सेवा प्रदायक संस्था दर्ता | २००० | ५०००० |

| सि. नं. | विवरण | दररेट | आ.व.२०७७/७८ को लागि प्रक्षेपण |
|---|---|---|---|
| ४६ | आई.एम.ई सेवा प्रदायक संस्था नविकरण | २०० | ५०००० |
| ४७ | कपडा पसल माशिक | ५०० | ३०००० |
| ४८ | प्लाई फ्याक्ट्रि दर्ता | १५००० | १५००० |
| ४९ | प्लाई फ्याक्ट्रि माशिक | २०००। | २४००० |
| ५० | प्लाई फ्याक्ट्रि नविकरण वार्षिक | ५००० | ५००० |
| ५१ | फर्निचर उद्योग दर्ता ठुलो | ३००० | १०००० |
| ५२ | फर्निचर उद्योग दर्ता सानो | १२०० | ७००० |
| ५३ | फर्निचर उद्योग ठुलो माशिक | ५०० | ५००० |
| ५४ | फर्निचर उद्योग सानो माशिक | २०० | ३००० |
| ५५ | साना फर्निचर उद्योग नविकरण वार्षिक | २०० | ७००० |
| ५६ | मझौला फर्निचर उद्योग नविकरण वार्षिक | ५०० | १०००० |
| ५७ | ठुलो फर्निचर उद्योग नविकरण वार्षिक | १००० | १५००० |
| ५८ | उद्योग ठाउँसारी गाउँपालिका बाहिर | २५०० | ५००० |
| ५९ | हाटबजार वडा नं ३ को व्यवसाय कर | बार्षिक | ३६००० |
| ६० | हाटबजार वडा नं ५ को व्यवसाय कर | बार्षिक | २५००० |
| ६१ | वडा नं ७ का २ वटा हाटहरुको व्यवसाय कर र वडा नं १ को च्याकुटार हाट | बार्षिक | ६०००० |
| ६२ | खुद्रापसल माशिक | १०० | २४०००० |
| ६३ | फलफुल तथा तरकारी निकासी प्रति व्यावसायी प्रतिकेजि | १ | ३००००० |

| सि. नं. | विवरण | दररेट | आ.व.२०७७/७८ को लागि प्रक्षेपण |
|---|---|---|---|
| ६४ | निजी विद्यालय पूर्व प्राथमिक अनुमति १००००, प्राथमिक १४०००, माध्यमिक २०००० | १०००० / १४००० / २०००० | २०००० |
| ६५ | निजी विद्यालय पूर्व प्राथमिक नवीकरण वार्षिक ३०००, प्राथमिक ५०००, माध्यमिक ७००० र | ७००० / ५००० / ३००० | १०००० |
| ६६ | चौपाया निकासी भैसी गोरु वाख्रा निकासी | १००×५०×१० | ५००० |
| ६७ | कुखुरा निकाशि प्रति गाडि | ५०० | १५००० |
| ६८ | अस्पताल अनुमति | ५००० | १५००० |
| ६९ | अस्पताल मासिक सेवा शुल्क | २५०० | ९०,००० |
| ७० | स्कयाभेटर सुचिकृत प्रति वर्ष- | १००००० | ७००००० |
| ७१ | जे.सि.वि सुचिकृत प्रति वर्ष- | ७५००० | ३००००० |
| ७२ | अस्पताल नविकरण | ३००० | ९००० |
| ७३ | इलेक्ट्रिसियन पसल ठुलो मासिक | ५०० | १०००० |
| ७४ | इलेक्ट्रिसियन पसल सानो मासिक | १०० | ५००० |
| ७५ | कवाडी व्यवसाय दर्ता | ३००० | १०००० |
| ७६ | कवाडी व्यवसाय नविकरण | १००० | ३००० |

## अनुसूचि ४
## दफा ६ सँग सम्बधित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गोलन्जोर गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय
ग्वालटार, सिन्धुली

**विषय : व्यवसाय दर्ता गरी पाँऊ।**

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको व्यवसाय संचालन गर्न इच्छुक रहेकोले नियमानुसार व्यवसाय दर्ता गरिदिनुहुन अनुरोध छ।

व्यवसायको प्रकार :.....................................................

**संलग्न कागजातहरु**

(१) हालसालै खिचेको २ प्रति फोटो
(२) नागरिकता प्रमाण पत्रको प्रतिलिपी
(३) वडा कार्यालयको सिफारिस
(४) व्यवसाय संचालन हुने जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपी
(५) अर्काको नाममा जग्गा भएव्यवसाय संचालन गर्न दिने जग्गाधनीको मञ्जुरीनामा
(६) उद्योगको हकमा संधियारको मञ्ज्जुरीनामा।
(७) उद्योग वाणिज्य संघको सिफारिसपत्र

निवेदक
नाम :
ठेगाना :
मिति :

**प्रमाणीकरण मितिः २०७७।०६।०१**

**आज्ञाले,**
**अर्जुन दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**